# नलगाड नगरपालिकाको स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समिति संचालन कार्यविधि - २०७९

(बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६० सँग सम्बन्धित)

नगरकार्यपालिकाबाट पारित मितिः२०७९।१२।२० गते

नेपाल सरकार

**नलगाड नगरपालिका**

**जाजरकोट**

**पृष्ठभूमि**

नेपालको संविधान २०७२ को मौलिक अधिकार अन्तर्गत धारा ३९ को बालबालिका सम्बन्धी हक र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बाल संरक्षणलाई प्रमुख आधार बनाएको छ । बालबालिकासम्बन्धी ऐन २०७५ को प्रस्तावनामा नै "बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोतम् हित कायम गर्न बालबालिका सम्बन्धी प्रचलित क़ानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले" भन्ने उल्लेख गरिएको छ । साथै, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा १८ मा राज्यको दायित्व अन्तर्गत "विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको पालनापोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनका आधारमा आवश्यक व्यवस्था मिलाउने छ" भन्ने उल्लेख गरेकाले नलगाड नगरपालिकाले सो को महसुस गरी यो कार्यविधि तयार गरेको हो । त्यसैगरी, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा १ देखि १० सम्म, दफा १२, दफा १७, दफा ५० देखि ५९, दफा ६० को उपदफा ३, दफा ६१, दफा ६२ र परिच्छेद ७ (बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन) अन्तर्गतको दफा ६४ र दफा ६५ बमोजिम दिएको अधिकारको संरक्षण गर्न यस कार्यविधिको आवश्यकता परेको हो । सामाजिक न्याय सुनिश्चितता हुने र सभ्य समाज निर्माणका लागि बाल अधिकारको प्रवर्द्धन गर्न नेपालले बालअधिकार महासन्धि, १९८९ र अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनलाई अनुमोदन गरेको छ । नेपालको संविधान, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानूनमा भएका बालअधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्थाहरूको पूर्ण परिपालना र कार्यान्वयनमा बालबालिकाको उच्चतम हित हुने ठानी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नलगाड नगरपालिकाले **"स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समिति सञ्चालन कार्यविधि, २०७९"** तर्जुमा गरी स्वीकृत गरिएको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **"स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समिति सञ्चालन कार्यविधि, २०७९"** रहने छ ।

(ख) यो कार्यविधि नलगाड नगरपालिकाबाट स्वीकृत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको मितिदेखि लागू हुनेछ ।

(ग) यस कार्यविधिलाई नेपाल सरकार, प्रदेश सरकार र नलगाड नगरपालिकाले बालअधिकार सम्बन्धी अर्को व्यवस्था नगरेसम्म कार्यान्वयन गरिने छ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

(क) **"संविधान"** भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

(ख) **"स्थानीय सरकार सञ्चालन ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ग) **"बालबालिका सम्बन्धी ऐन"** भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(घ) **"बालबालिका सम्बन्धी नियमावली"** भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी नियमावलि २०७८ लाई सम्झनु पर्दछ ।

(ङ) **"कार्यविधि"** भन्नाले नलगाड नगरपालिकाले जारी गरेको स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समिति सञ्चालन कार्यविधि २०७९ सम्झनु पर्दछ ।

(च) **"स्थानीय तह"** भन्नाले नलगाड नगरपालिका तथा त्यस अन्तर्गत रहने वडा कार्यालयसमेतलाई



प्रमुख प्रशासकीय अधिकृत

सम्झनु पर्दछ ।

(छ) **"सेवा प्रदायक"** नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गर्नका लागि इकाईका रूपमा रहेका स्वास्थ्य, शिक्षा, महिला विकास, सामाजिक विकास, पशु सेवा, कृषि सेवा, प्रहरी चौकी तथा गैरसरकारी संघसंस्थालाई सम्झनु पर्दछ ।

(ज) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनु पर्दछ ।

(झ) **"बाल समूह वा बाल क्लब"** भन्नाले स्थानीय तहमा सूचीकृत भएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरूको सङ्गठन वा समूहलाई जनाउँदछ ।

(ञ) **"बाल सञ्जाल"** भन्नाले वडा, पालिका स्तरमा बाल समूह वा बाल क्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(ट) **"सहयोगी संस्था"** भन्नाले स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा संवर्द्धन गर्नका लागि अनुमति प्राप्त गैरसरकारी संस्थाहरूलाई जनाउने छ ।

(ठ) **"पारासामाजिक कार्यकर्ता"** भन्नाले स्थानीय तहमा मामला व्यवस्थापनका माध्यमबाट बाल संरक्षणलाई प्रवर्द्धन तथा संरक्षण गर्नका लागि पालिकाद्वारा नियुक्त पारासामाजिक कार्यकर्तालाई जनाउने छ ।

(ड) **"स्थानीय बालअधिकार समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० ले दिएको अधिकार अनुसार यस नलगाड नगरपालिकामा गठन गरिएको नगरपालिका स्तरीय समितिलाई सम्झनु पर्दछ ।

(ढ) **"वडा बालअधिकार समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन भई वडा स्तरमा सञ्चालनमा रहेको समितिलाई सम्झनु पर्दछ ।

(ण) **"बाल कल्याण अधिकारी"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१, बालबालिका सम्वन्धि नियमावलि २०७८ को दफा ८१ तथा यस कार्यविधि अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(त) **"बालमैत्री स्थानीय शासन समिति"** भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८ वा यसलाई प्रतिस्थापन गर्न बनेको संघीय वा प्रादेशिक वा स्थानीय कानून बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(थ) **"बालकोष"** भन्नाले नलगाड नगरपालिकाले स्वीकृत गरेको बालकोष सञ्चालन कार्यविधि अनुरूप स्थापना गरी कार्यान्वयनमा रहने कोषलाई जनाउँदछ ।

ध) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ४८ मा उल्लेख भएनुसार देहायका बालबालिकालाई सम्झनु पर्छः

१. अनाथ बालबालिका,
२. अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलगिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,
३. बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,
४. कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,
५. थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,
६. जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,
७. बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,



प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय हुकाम, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

८. जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,
९. गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,
१०. बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,
११. विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,
१२. विपन्न दलित समुदायका बालबालिका,
१३. मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

**३. उद्देश्य**

(क) यस नलगाड नगरपालिकामा रहेका बालबालिकाहरूको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोतम हित कायम गर्ने ।

(ख) बालबालिकाहरूको पालनापोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनका आधारमा आवश्यक व्यवस्था मिलाउने ।

(ग) नेपालको संविधान, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानूनमा भएका बालअधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्थाहरूको नलगाड नगरपालिकामा पूर्ण परिपालना र कार्यान्वयनका लागि पहल गर्ने ।

(घ) नलगाड नगरपालिकालाई बालमैत्री नगरपालिका निर्माण गर्नका लागि बालमैत्री नीति, कार्यक्रम र क्रियाकलापहरूको निर्माण, कार्यान्वयन गर्ने ।

**४. स्थानीय बालअधिकार समितिको गठन**

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ अनुसार **"प्रत्येक स्थानीय तहमा नगर कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उप-प्रमुखले तोकेको त्यस्तो कार्यपालिका वा नगरपालिकाको सदस्यको संयोजकत्वमा स्थानीय बालअधिकार समिति रहने छ"** भन्ने कुरा उल्लेख भए बमोजिम यस नलगाड नगरपालिकामा पनि स्थानीय बालअधिकार समिति गठन गरिने छ । समिति गठन गर्दा तपसिल बमोजिमको प्रक्रियाहरू अपनाइने छ :

(क) नगरपालिकाको आवश्यकताका आधारमा ५ दिन अगाडि प्रत्येक वडाका वडा अध्यक्षहरू, वडास्तरीय बालअधिकार समितिका संयोजक, कार्यपालिकाका सदस्यहरू, प्रधानाध्यापकहरू र वडास्तरीय बाल क्लब सञ्जालका अध्यक्ष र पालिकास्तरीय बाल क्लब सञ्जालका अध्यक्षसहित एक जना बालिकालाई स्थानीय बालअधिकार समिति गठन गर्ने सम्बन्धी विषय उल्लेख गरी पत्राचार गरिने छ ।

(ख) उपस्थित भएका व्यक्तिहरूको उपस्थितिमा बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यस कार्यविधिले तोके बमोजिमको स्थानीय बालअधिकार समिति गठन गरिने छ ।

(ग) कार्यविधिले तोके बमोजिमको समिति गठन गर्नुपूर्व समिति गठन भएको भए यो कार्यविधि स्वीकृत भएपछि यस कार्यविधि अनुसारको स्थानीय बालअधिकार समितिको गठन गरिने छ ।

(घ) स्थानीय बालअधिकार समितिका पदाधिकारीहरूले बालसंरक्षण सम्बन्धी आचार संहितामा हस्ताक्षर



प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... कर्णाली प्रदेश, नेपाल २०७३

गर्नेछन् र सोको पालनाका लागि बालसंरक्षण नीतिको एक-एक प्रति प्रदान गरिने छ ।

**५. स्थानीय बालअधिकार समितिको संरचना**

क) यस नलगाड नगरपालिकामा नगरपालिका स्तरीय स्थानीय बालअधिकार समितिको संरचना तपसिल बमोजिमको २४ सदस्यीय समिति रहने छ ।

- नगरपालिका उपप्रमुख वा निजले तोकेको नगरकार्यपालिकाको सदस्य १ जना — संयोजक
- १३ वटै वडा बालअधिकार समितिका संयोजकहरू १३ जना — सदस्य
- नगरपालिका स्तरीय बाल सञ्जालका बालक तथा बालिका २ जना — सदस्य
- नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख १ जना — सदस्य
- नगरपालिकाको शिक्षा शाखा प्रमुख १ जना — सदस्य
- नगरपालिकाको केन्द्रमा रहेको प्रहरी चौकी प्रमुख १ जना — सदस्य
- नगरपालिकाको महिला, बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख १ जना — सदस्य
- बालबालिका सम्बन्धी कार्य गर्ने गैरसरकारी संस्थाहरू मध्येबाट १ जना — सदस्य
- बालअधिकारकर्मि/नागरीक समाज प्रतिनिधि मध्येबाट १ जना — सदस्य
- नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत १ जना — सदस्य
- बाल कल्याण अधिकारी वा निजको काम गर्न तोकिएको ब्यक्ति १ जना — सदस्य-सचिव

(ख) आवश्यकता अनुसार विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिने छ ।

(ग) तोकिएको संरचना अनुसारका व्यक्तिहरू उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारका निम्ति कार्य गर्न सक्ने अन्य कुनै व्यक्तिको चयन गर्न सक्ने छ ।

(घ) समितिको पुनर्गठन गर्दा तोकिएको प्रक्रिया अनुसार प्रत्येक ५ वर्षमा वा आवश्यकता अनुसार गर्न सकिने छ ।

**६. समितिको काम, कर्तव्य र अधिकार**

स्थानीय बालअधिकार समितिले बालबालिका सम्बन्धी ऐन २०७५ मा उल्लिखित बाल संरक्षणका सवालहरू र बालबालिका सम्बन्धी ऐन २०७५ तथा बालबालिका सम्वन्धि नियमावलि २०७८ ले प्रदान गरेका अन्य अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बालअधिकार सम्बन्धी प्रदान गरेको अधिकारसहित तपसिल बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

**(क) तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने** : नलगाड नगरपालिकाभित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूका तथ्याङ्क सङ्कलन गर्ने र वार्षिक रूपमा अद्यावधिक गरी नगरपालिकामा सम्प्रेषण गर्ने ।

**(ख) वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्ने** : बालबालिकाका क्षेत्रमा आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको समन्वयमा समुदायमा आधारित वार्षिक योजना निर्माण गरी कार्यान्वयन गराउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने । कार्ययोजना तयार गर्दा जोखिममा रहेका बालबालिकालाई लक्षित र लाभान्वित हुने क्रियाकलाप, सचेतनामूलक क्रियाकलाप, क्षमता विकास र आकस्मिक सहयोगका क्रियाकलाप लगायत बालबालिकाको समग्र संरक्षण र सहभागिताको अधिकार सुनिश्चितता हुने किसिमका योजनाहरू तयार गर्ने ।

**(ग) समन्वय र सहकार्य गर्ने** : नलगाड नगरपालिकामा कार्यरत सरकारी, गैरसरकारी संस्था एवं निजी क्षेत्रहरू, संघ-संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरी जोखिममा रहेका बालबालिकालाई आवश्यक सहयोग पुऱ्याउन र उनीहरूको संरक्षणको अधिकार सुनिश्चितता गर्न सहयोग पुऱ्याउने



प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

।

(घ) **सचेतना जगाउने** : बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्न सहयोग पुग्ने किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने; जस्तै- सकारात्मक अभिभावकत्व, बालविवाह न्यूनीकरण, जन्म दर्ता, विद्यालय भर्ना, पूर्ण खोप, दण्डरहित शिक्षण, बालसहभागिता, बालमैत्री व्यवहार, बालश्रम । यस्ता विषयमा अन्तर्क्रिया, रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाइ, अन्तर्संवाद आदि क्रियाकलापका माध्यमबाट सचेतना जानकारी गराउने ।

(ङ) **स्रोत नक्साङ्कन र सिफारिस संयन्त्रको स्थापना गर्ने** : सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट बालबालिका र तिनका परिवारलक्षित सेवाहरूको नक्साङ्कन गरी आवश्यक रोस्टर तयार गर्ने । उल्लिखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न पालिकास्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

(च) **बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने** : बालअधिकारको संरक्षण र प्रर्वद्धनका लागि विभिन्न सवालहरूमा आधारित आवश्यक नीति, कार्यक्रमहरूको निर्माण एवं पैरवी गर्ने साथै नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) **बालकोषको स्थापना गर्ने** : विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरी आपतकालीन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण अपहेलना र अन्य कारणले जोखिममा परेका बालबालिकाहरूको तत्काल उद्धार तथा सहयोग गर्नका लागि नगरपालिका स्तरमा एक बालकोषको स्थापना तथा सञ्चालन गर्ने ।

(ज) **अनुगमन र समीक्षा गर्ने** : बालबालिकाहरूका लागि नगरपालिका स्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले उनीहरूको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदिको अनुगमन र समीक्षा गर्ने । कार्यक्रमको अनुगमन र समीक्षा आवधिक रूपमा, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा गर्ने र वडा बालअधिकार समितिलाई आवश्यक सल्लाह सुझाव तथा निर्देशनहरू दिने ।

(झ) **बालबालिका सम्बन्धी स्थिति पत्र तथा बजेट विश्लेषण प्रकाशन गर्ने** : नलगाड नगरपालिकामा रहेका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरी प्रत्येक वर्ष बालबालिकाको स्थितिपत्र तथा नलगाड नगरपालिकाले बालबालिकाका क्षेत्रमा विनियोजित बजेट र कार्यान्वयनको अवस्थालाई आधार बनाएर बजेट विश्लेषण प्रकाशन गर्ने ।

(ञ) **पारासामाजिक कार्यकर्ताको व्यवस्था गर्ने** : आवश्यकता अनुसार पालिकाले जोखिममा रहेका बालबालिकाहरूको घटना (मामला) व्यवस्थापनका लागि पारासामाजिक कार्यकर्ताको व्यवस्था गर्ने र पारासामाजिक कार्यकर्ताको काम, कर्तव्य र पारिश्रमिक नगरपालिकाले तोके बमोजिम गर्ने ।

(ट) **प्रगति समीक्षा गर्ने** : आवश्यकता अनुसार नगरपालिकाले प्रत्येक वडाहरूमा भए गरेका क्रियाकलापहरूको समीक्षा गर्नका लागि प्रगति समीक्षा कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ठ) **बालबालिकाको उद्धार तथा पुनर्स्थापना** : जोखिमपूर्ण अवस्थामा रहेका वा भेटिएका वा सूचना प्राप्त बालबालिकाको सर्वोतम हितलाई ध्यानमा राखी प्रहरी प्रशासन तथा वडा बालअधिकार समितिको सहयोगमा उद्धार पुनर्स्थापना तथा सहयोगका कार्यक्रम सञ्चालन गर्ने ।

**स्थानीय बालअधिकार समितिको बैठक**

(क) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउने छ ।

(ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा ज्येष्ठ सदस्य वा उपस्थित सदस्यको सामूहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

(ग) निर्णय गर्दा सहमतिका आधारमा निर्णय गरिने छ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य



प्रमुख प्रशासकीय अधिकृत

हुनेछ ।

(घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्ने छ ।

(ङ) स्थानीय बालअधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(च) स्थानीय बालअधिकार समितिको सम्पर्क कार्यालय नगरपालिकाले उपलब्ध गराएको स्थानमा रहने छ ।

**८. वडा बालअधिकार समितिको गठन**

(क) वडा बालअधिकार समिति गठन गर्दा वडाको आवश्यकताका आधारमा यस कार्यविधिले तोके अनुसार वडा बालअधिकार समिति गठन गरिने छ ।

(ख) वडा बालअधिकार समिति गठन गर्दा निर्वाचित वडा प्रतिनिधिहरू, बाल क्लब प्रतिनिधि, वडामा बालअधिकार सम्बन्धी काम गर्ने संघ-संस्थाका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्य इन्चार्ज, प्रधानाध्यापकहरू तथा अन्य शिक्षकहरू र वडा सचिवको भेला गराई यस कार्यविधिले तोके बमोजिमको वडा बालअधिकार समिति गठन गरिने छ ।

(ग) वडा बालअधिकार समितिका पदाधिकारीहरूले बाल संरक्षण सम्बन्धी आचार संहितामा हस्ताक्षर गर्नेछन् र सोको पालनााका लागि बालसंरक्षण नीतिको एक-एक प्रति प्रदान गरिने छ ।

**९.वडा बालअधिकार समितिको संरचना**

(क) वडा बालअधिकार समितिको संरचना तपसिले बमोजिमको हुनेछ :

- वडा अध्यक्ष १ जना — संयोजक
- वडा सदस्यहरुमध्ये बाट १ जना — सदस्य
- शिक्षक वा प्र.अ. बाट १ जना — सदस्य
- महिला स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्य प्रतिनिधिबाट १ जना — सदस्य
- बालअधिकारकर्मी/नागरिक समाजका प्रतिनिधिबाट १ जना — सदस्य
- वडास्तरीय बाल सञ्जालको अध्यक्षसहित एक बालिकाबाट २ जना — सदस्य.
- आदिवासी, जनजाति, मधेसी, अल्पसङ्ख्यक, दलित, अपाङ्गता भएको व्यक्ति तथा पिछडिएका वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी २ जना — सदस्य
- सम्वन्धित वडा हेर्ने प्रहरी चौकिको प्रमुख वा प्रतिनिधि १ जना — सदस्य
- वडा सचिवका रूपमा कार्यरत कर्मचारि १ जना — सदस्य सचिव

(ख) आवश्यकता अनुसार विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिने छ ।

(ग) तोकिएको संरचना अनुसारका व्यक्तिहरू उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारका निम्ति कार्य गर्न सक्ने अन्य कुनै व्यक्तिको छनोट गर्न सक्ने छ ।

(घ) समितिको पुनर्गठन गर्दा तोकिएको प्रक्रिया अनुसार प्रत्येक ५ वर्ष वा आवश्यकता अनुसार गर्न सकिने छ ।

**१०. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार**

वडा बालअधिकार समितिले बालबालिका सम्बन्धी ऐन २०७५ मा उल्लिखित बाल संरक्षणका सवालहरू र बालबालिका सम्बन्धी ऐन २०७५ तथा बालबालिका सम्वन्धि नियमावलि २०७८ ले प्रदान गरेका अन्य अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वडाले बालअधिकार सम्बन्धी प्रदान गरेको अधिकार सहित तपसिल बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :।



प्रमुख प्रशासकीय अधिकृत

**(क) तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने** : वडा भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्ने र वार्षिक रूपमा अद्यावधिक गरी स्थानीय बालअधिकार समितिमा सम्प्रेषण गर्ने ।

**(ख) वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्ने** : वडा भित्रका बालबालिकाको आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको समन्वयमा वार्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने-गराउने ।

**ग) समन्वय र सहकार्य गर्ने** : वडामा कार्यरत सरकारी तथा गैरसरकारी संस्था, निजी क्षेत्र, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, सञ्जाल, समिति, स्थानीय बालअधिकार समिति जस्ता विभिन्न निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने र जोखिममा रहेका बालबालिकालाई आवश्यक सहयोग पुऱ्याउन र उनीहरूको संरक्षणको अधिकार सुनिश्चितता गर्न सहयोग गर्ने ।

**(घ) सचेतना जगाउने** : आफ्ना वडाहरूमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्न सहयोग पुग्ने किसिमका सचेनतामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**(ङ) स्रोत नक्साङ्कन र सिफारिस संयन्त्रको स्थापना गर्ने** : वडामा सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट बालबालिका तथा उनीहरूका परिवारलक्षित सेवाहरूको नक्साङ्कन गरी आवश्यक कार्यसूची तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न वडास्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

**(च) बालबालिका सम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने** : बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनका लागि वडा तथा पालिका स्तरमा पैरवी गर्ने ।

**(छ) बालकोषको स्थापना गर्ने** : विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरी आपतकालीन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण, अपहेलना, बालश्रम र अन्य कारणले जोखिममा परेका बालबालिकाहरूको तत्काल उद्धार तथा सहयोग गर्नका लागि वडा स्तरमा एक बालकोषको स्थापना तथा सञ्चालन गर्ने ।

**(ज) अनुगमन र समीक्षा गर्ने** : बालबालिकाहरूका लागि वडा स्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले बालबालिकाको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समीक्षा गर्ने । कार्यक्रमको अनुगमन र समीक्षा आवधिक रूपमा, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा गर्ने ।

**(झ) प्रगति प्रतिवेदन पेस गर्नु पर्ने** : वडामा बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन तयार गरी वडा स्तरका सरोकारवालाहरूसँग अर्धवार्षिक रूपमा सार्वजनिकीकरण गर्ने र सो प्रतिवेदन स्थानीय बालअधिकार समितिमा पेस गर्ने ।

(ञ) नगरपालिका स्तरीय बालअधिकार समिति, वडा कार्यालयले दिएको निर्देशनको पालना गर्ने ।

**(ट) पारासामाजिक कार्यकताको परिचालन गर्ने** : आफ्नो वडामा बालबालिकाहरूको घटना (मामला) व्यवस्थापनका लागि पारासामाजिक कार्यकर्ताको परिचालन गर्ने ।

**(ठ) बाल क्लब र बाल क्लब सञ्जालको गठन परिचालन आबद्धता गर्ने** : बाल क्लबहरूको गठन, क्षमता विकास र परिचालन तथा आवद्धता गर्ने-गराउने । बाल क्लब गठन तथा सहजीकरणका लागि बाल क्लब गठन तथा सहजीकरण निर्देशिका बमोजिम हुनेछ ।

**११. वडा बालअधिकार समितिको बैठक**

(क) वडा बालअधिकार समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउने छ ।

(ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा जेष्ठ सदस्य वा उपस्थित



प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय ... जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

सदस्यको सामूहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

(ग) निर्णय गर्दा सहमतिका आधारमा निर्णय गरिने छ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्ने छ ।

(ङ) वडा बालअधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(च) वडा बालअधिकार समितिको सम्पर्क कार्यालय वडा कार्यालयले उपलब्ध गराएको स्थानमा रहने छ ।

**१२. बालकोषको व्यवस्था**

विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरी आपतकालीन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण, अपहेलना र अन्य कारणले जोखिममा परेका बालबालिकाहरूको तत्काल उद्धार तथा सहयोग गर्नका लागि पालिका तथा वडा स्तरमा एक-एक बालकोषको स्थापना गरिने छ । बालकोषको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

**१३. बाल कल्याण अधिकारीको व्यवस्था**

(क) यस नलगाड नगरपालिकाले बाल अधिकारको संरक्षण तथा संवर्द्धन गर्नका लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ तथा बालबालिका सम्वन्धि नियमावलि २०७८ को दफा ८१ अनुसार एक जना बाल कल्याण अधिकारीको व्यवस्था गर्नेछ । बाल कल्याण अधिकारीको सेवा-सुविधाका तथा काम, कर्तव्य र अधिकार यस कार्यविधिले तोके अनुसार हुनेछ ।

(ख) बाल कल्याण अधिकारी नियुक्त गर्दा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारी सरहको रहने र नेपाल सरकारको अधिकृत छैठौ स्तरको सेवा सुविधाहरू उपलब्ध गराइने छ ।

**१४. बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार**

बालबालिका सम्वन्धि ऐन २०७५ र बालबालिका सम्वन्धि नियमावलि २०७८ तथा यस कार्यविधिमा अन्यन्त्र उल्लेखित काम कर्तव्य र अधिकारको अतिरीक्त बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार तपशिल वमोजिमको हुनेछ ।

(क) **निर्णय कार्यान्वयन गर्ने-गराउने** : स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरूको व्यवस्थापन तथा कार्यान्वयन गर्ने-गराउने ।

**(ख) वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्ने** : स्थानीय सरकारबाट स्वीकृत नीति र योजना अनुरूप स्थानीय समितिको वार्षिक योजना र कार्यक्रम, बजेट तर्जुमा, कार्यान्वयन तथा प्रतिवेदन तयार गरी समितिको बैठकमा पेस गर्ने ।

**(ग) समन्वय र सहकार्य गर्ने** नगरँपालिका तथा वडामा कार्यरत सरकारी तथा गैर-सरकारी संस्था, निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरी बालबालिकाका क्षेत्रमा लगानी बढाउन सहयोग गर्ने ।

(घ) जोखिममा रहेका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा सहयोगका लागि स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समितिलाई आवश्यक सहयोग गर्ने ।

**(ङ) सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने** : नगरपालिका तथा वडाहरूमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्न सहयोग पुग्ने किसिमका सचेनतामूलक कार्यक्रम सञ्चालन गर्ने-गराउने ।

(च) नगरँपालिका तथा वडाहरूमा कार्यरत सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट बालबालिका तथा उनीहरूका परिवारलक्षित सेवाहरूको नक्साङ्कन गरी आवश्यक कार्यसूची तयार गर्ने । उल्लिखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।



प्रमुख प्रशासकीय अधिकृत

(छ) बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनका लागि वडा तथा पालिका स्तरमा पैरवी गर्ने ।

(ज) नगरपालिका तथा वडा स्तरमा स्थापना भएको बालकोषको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने-गराउने ।

(झ) बालबालिकाहरूका लागि नगरपालिका तथा वडा स्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले बालबालिकाको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समीक्षा गर्ने । कार्यक्रमको अनुगमन र समीक्षा आवधिक रूपमा, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा गर्ने र सोको प्रतिवेदन स्थानीय बालअधिकार समितिमा पेस गर्ने ।

**(ञ) बालबालिका सम्बन्धी स्थितिपत्र तथा बजेट विश्लेषण प्रकाशन गर्ने :** नलगाड नगरपालिकामा रहेका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरी प्रत्येक वर्ष बालबालिकाको स्थितिपत्र तथा नलगाड नगरपालिकाले बालबालिकाका क्षेत्रमा विनियोजित बजेट र कार्यान्वयनको अवस्थालाई आधार बनाएर बजेट विश्लेषण स्थानीय बालअधिकार समितिको स्वीकृतिले प्रकाशन गर्ने । प्रकाशित प्रतिवेदन प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषद्मा पेस गर्ने ।

(ट) आन्तरिक धर्मपुत्र लिने-दिने व्यक्तिलाई स्थानीय बालअधिकार समितिमा सूचीकृत गर्ने र लिखत तयार गर्ने ।

(ठ) आन्तरिक धर्मपुत्र-धर्मपुत्री, संरक्षक नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

(ड) स्थानीय तहमा नियुक्त तथा परिचालित पारासामाजिक कार्यकर्ता, समाजसेवी तथा मनोविज्ञलाई परिचालन गर्ने ।

(ढ) स्थानीय तहभित्र सञ्चालनमा रहेका बाल गृह, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण केन्द्र, निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहहरूको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पृष्ठपोषण गर्ने वा बन्द गर्न आवश्यक भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ण) बाल क्लब र बाल क्लब सञ्जालको गठन, परिचालन तथा आबद्धता गर्ने : बाल क्लबहरूको गठन, क्षमता विकास र परिचालन तथा आबद्धता गर्ने-गराउने ।

(त) नगरपालिका स्तरीय बालअधिकार समितिले दिएको थप काम तथा निर्देशनको पालना गर्ने ।

(थ) बालबालिका बेवारिसे अवस्थामा फेला परेमा वा त्यस्तो बालबालिकालाई बुझाउन ल्याएमा बालबालिकाको यथा सम्भव तिनपुस्ते पत्ता लगाउने र आवश्यक संरक्षणका लागि बालबालिका सम्बन्धी ऐन २०७५ को मातहतमा रही संरक्षण गर्ने ।

**१५. बैठक खर्च, आर्थिक प्रतिवेदन र लेखापरीक्षण**

(क) बैठक व्यवस्थापन खर्च नलगाड नगरपालिकाले व्यवस्थापन गरे बमोजिमको हुनेछ । बैठक सञ्चालन गर्नका लागि पालिका तथा वडामा कार्यरत गैरसरकारी संस्थाहरूको साझेदारीमा समेत व्यवस्थापन गर्न सकिने छ ।

(ख) बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन तयार गरी सरोकारवालासँग वार्षिक रूपमा सार्वजनिकीकरण गर्ने र सो प्रतिवेदन नगरपालिकामा पेस गरिने छ । साथै नगरपालिकाले दिएको निर्देशनको पालनाा गरिने छ ।

(ग) नगरपालिकाले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक वर्ष आय-व्ययको विवरणको लेखापरीक्षण गराउनु पर्नेछ ।

**१६. समन्वय र सहयोग**

(क) बाल अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विकासका साझेदार संस्थासँग साझेदारी र समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिने छ



नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख, कर्णाली प्रदेश, नेपाल २०७२

।

(ख) आवश्यकतामा आधारित कार्यक्रम निर्माण, कार्यान्वयन गर्न-गराउन अन्य निकायसँग समन्वय र सहकार्य गरिने छ ।

(ग) कार्यक्रमबाट उपलब्ध हुने सूचनालाई सबै सरोकारवालाको सहयोग लिएर व्यापकता प्रदान गरिने छ ।

**१७. कार्यविधिको व्याख्या, संशोधन तथा बचाउ**

यस कार्यविधिको व्याख्या तथा संशोधन नगरकार्यपालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्ने छ । कार्यविधिमा उल्लेख भएका विषयहरू नेपाल सरकारको प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**१८. स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समिति खारेज हुन सक्ने अवस्था**

नेपाल सरकार, प्रदेश सरकार र नलगाड नगरपालिकाले पर्याप्त कारण सहित आवश्यकता नरहेको देखिएमा नलगाड नगरपालिकाले खारेज गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय हेल्पी, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३